# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ५ मरिण, कार्तिक १७ गते, २०७९ साल संख्या १२**

## भाग २

# मरिण गाउँपालिकाको मातृशिशु सुरक्षा तथा संरक्षण कार्यविधि, २०७९ (प्रथम संशोधन २०७९)

**प्रस्तावनाः**

नेपालको संविधान (२०७२) को धारा ३५ मा आधारभुत स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको, दिगो बिकासका लक्ष्य (सन् २०१५-२०३०) ले मातृ तथा शिशु मृत्यु दरलाई कम गर्ने लक्ष्य लिएको सन्दर्भमा गर्भवती तथा सुत्केरी महिला हरुको स्वास्थ्य तथा पोषण अबस्थालाई सुधार गरी स्वस्थ आमा, स्वस्थ वच्चा, स्वस्थ परिवार अनि स्वच्छ समाजको परिकल्पना गर्दै संस्थागत गर्भ जाँच, संस्थागत सुत्केरी र संस्थागत सुत्केरी जाँच सेवाको प्रवर्द्धन तथा प्रोत्साहन गरी पहुँच बढाउन र लैङ्गिक बिभेद अन्त्य को लागि छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन गर्न वाञ्छनीय भएकोले मरिण गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को झ (२) को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम मरिण गाउँपालिकाको "मातृ शिशु सुरक्षा एवं संरक्षण कार्यविधि,२०७९ (प्रथम संशोधन २०७९) " रहेको छ ।

१.२ यो कार्यविधि २०७९ श्रावण ०१ गतेबाट लागू हुने छ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ "गाउँपालिका" भन्नाले मरिण गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

२.२ "प्रमुख" भन्नाले मरिण गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।

२.३ "उप प्रमुख" भन्नाले मरिण गाउँपालिकाको उप-प्रमुख सम्झनु पर्दछ ।

२.४ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मरिण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

२.५ "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्दछ ।

२.६ "स्वास्थ्य संस्था" भन्नाले यस मरिण गाउँपालिका अन्तर्गतका सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य ईकाईहरु सम्झनु पर्दछ ।

२.७ "स्वास्थ्यकर्मी" भन्नाले यस मरिण गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत नेपाल सरकार बाट समायोजन भई आएका, यस स्थानीय सरकार तथा व्यबस्थापन समितिहरुबाट नियुक्त भएका स्थायी, अस्थायी र करार सेवाका सबै स्वास्थ्यकर्मीहरु सम्झनु पर्दछ ।

२.८ "कार्यविधि" भन्नाले मरिण गाउँपालिकाको "मातृ शिशु सुरक्षा एवं संरक्षण कार्यविधि, २०७९(प्रथम संशोधन २०७९)" सम्झनु पर्दछ ।

२.९ "गर्भवती" भन्नाले २० बर्ष उमेर पुगेका गर्भवती महिला सम्झनु पर्दछ ।

२.१० "सुत्केरी" भन्नाले २० बर्ष उमेर पुगेका सुत्केरी महिला सम्झनु पर्दछ ।

२.११ "लाभग्राही" भन्नाले मरिण गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिला सम्झनु पर्दछ ।

२.१२ "प्रोटोकल" भन्नाले नेपाल सरकारको "आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका,२०७८" को दफा ३ को उपदफा (४) मा तोकिएको गर्भवती जाँच गर्ने समय (१२ औं हप्ता सम्ममा पहिलो पटक, १६औं हप्ता सम्ममा दोश्रो पटक, (२०-२४) औं हप्तामा तेश्रो पटक, २८ औं हप्तामा चौथो पटक, ३२ औं हप्तामा पाँचौं पटक, ३४ औं हप्तामा छैठौं पटक, ३६ औं हप्तामा सातौं पटक, र ३८ देखि ४० औं हप्तामा अन्तिम पटक) गर्ने समय तालिका सम्झनु पर्दछ ।

**३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः**

३.१. यो कार्यविधि मरिण गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गरी गाउँपालिका भित्रका सबै सरकारी स्वास्थ्य संस्थाहरुमा गर्भवती र सुत्केरी सेवा लिन आउने र प्रेषण भई अन्यत्र सुविधा सम्पन्न ठाँउमा जानुपर्ने आमा तथा शिशुहरुका लागि मात्र लागू हुनेछ।

**४. संस्थागत गर्भवती, सुत्केरी प्रोत्साहनको लागि गर्भवती जाँच यातायात खर्च सम्बन्धी ब्यवस्था:**

४.१ यस गाउँपालिकाबाट गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत प्रोटोकल अनुसार जाँच भेट गर्ने प्रत्येक गर्भवती महिलाहरुलाई नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम बमोजिम पाउने भनि तोकिएको आर्थिक सुविधा वाहेकको देहायको थप यातायात खर्च उपलब्ध गराईनेछ ।

४.१. १ प्रोटोकल अनुसार तोकिएको हप्तामा गर्भवती जाँच गराउने गर्भवती महिलालाई एक जनालाई अधिकतम यातायात खर्च रु २००० (दुईहजार) रुपैंया सम्म उपलब्ध गराइनेछ ।

४.१.२ प्रोटोकल अनुसार कतिपटक गर्भ जाँच भेट गरेको हो सो एकीन गरी मातृसुरक्षा कार्डमा उल्लेख भए अनुसारको प्रतिपटक भेट जाँचको २५० (दुईसय पचास) रुपैयाको दरले अन्तिम पटकको गर्भ जाँच भेटमा वा सुत्केरी हुदाँको बखत जम्मा हुन आउने हिसाव गरी सबै रकम एकमुष्ट उपलब्ध गराइनेछ ।

४.१.३ गर्भ जाँच तथा सुत्केरी हुन यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था आएका तर सुत्केरी हुन नसकेका वा जटिलताको कारण प्रेषण भई अन्यत्र गएर सुत्केरी भई फर्किआएका गर्भवती तथा सुत्केरीहरुलाई पनि उक्त यातायात रकम प्रेषण गर्ने स्वास्थ्य संस्थाले आवश्यक कागजात सहित सम्बन्धित अस्पतालबाट डिस्चार्ज भएको १५ (पन्ध्र) दिन भित्र सम्पर्क गर्नेलाई उपलब्ध गराउन सक्नेछ ।

४.१.४ प्रोटोकलमा तोकिएको ८ (आठ) पटकको गर्भवती जाँच भेट भन्दा अगावै बच्चा जन्मेमा सो भन्दा अगाडि कतिपटक भेट गरेको हो सो को हिसाव गरी भेट गरेको पटकको रकम मात्र उपलब्ध गराईनेछ ।

४.१.५ गर्भ जाँचमा प्रोटोकल नमिलेको पाईएमा प्रोटोकल मिलेको पटकको मात्र हिसाब गरी प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

४.१.६ यातायात खर्च सम्बन्धित गर्भवती वा सुत्केरीलाई अनुसूची (१) बमोजिमको निवेदन तथा भरपाई गराई, मातृशिशु कार्ड र नागरिकता वा विवाह दर्ताको फोटोकपी वा वडा कार्यालयको सिफारिस पेश गरेपश्चात उपलब्ध गराइनेछ ।

४.१.७ सेवाप्रदायक स्वास्थ्य संस्थाहरुले अनुसूची (२) बमोजिमको ढाँचामा गर्भवती जाँच यातायात खर्च लिने सेवाग्राहीको विवरण रेकर्ड राख्नुपर्नेछ र मासिक रुपमा अनुसूची (६) बमोजिमको ढाँचामा सूचनापाटीमा लाभग्राहीको सूचि सार्वजनीकरण गर्नुपर्नेछ ।

४.१.८ गत विगत आ.व. देखि क्रमशः गर्भवती जाँच गर्दै आएका तर सुत्केरी चालू आ.व. मा भई गर्भवती जाँच प्रोत्साहन रकम भुक्तानी हुन बाँकीको हकमा उक्त रकम समेत गणना गरी चालु आ.व.मा भुक्तानी दिईनेछ ।[१]

[१] प्रथम संशोधनबाट थप गरिएको ।

**५ मरिण गाउँपालिका क्षेत्र भित्रका गर्भवती महिलाहरुलाई सुत्केरी हुँदाका बखत निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने सम्बन्धी ब्यबस्था:**

५.१ गाउँपालिका भित्र स्थायी रुपमा बसोवास गर्ने सुत्केरी व्यथा लागेका वा सुत्केरीजन्य जटिलता उत्पन्न भई गाउँपालिका अन्तर्गतका वर्थिङ सेन्टरहरु सम्म पुर्याउनु परेमा र सुत्केरी भईसकेपछि स्थानीय बर्थिङ सेन्टरबाट घर सम्म पुर्याउनु परेमा एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराईनेछ ।

५.२ गाउँपालिकाको वर्थिङ सेन्टरहरुमा सुत्केरी हुन नसकेका वा उपचार हुन नसकेका वा थप जटिलता उत्पन्न भई स्वास्थ्यकर्मी वा चिकित्सकले रेफर गर्नुपरेका गर्भवती तथा सुत्केरीहरुलाई रेफर भएको स्वास्थ्य संस्थासम्म लैजानुपरेमा पुर्‍याउनको लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराईनेछ ।

५.३ उपदफा ५.२ बमोजिम अन्यत्र बाहिर प्रेषण भएका गर्भवती तथा सुत्केरीहरुलाई एम्बुलेन्स सेवाले बढीमा ३० (तीस) मिनेट सम्म मात्र पर्खेर बस्नेछ ।यदि ३० (तीस) मिनेटमा उक्त स्थानबाट अन्य स्थानमा पुन: प्रेषण भएमा प्रेषण भएको स्थान सम्म पुर्‍याउनेछ, अन्यथा तुरुन्तै आफ्नो कार्यक्षेत्र तिर फर्कनेछ । तर गर्भवती वा सुत्केरी डिस्चार्ज भएको बेला एम्बुलेन्स सोही अस्पतालमा पुगेको संयोग मौका मिलेमा एम्बुलेन्स फर्कदा लिएर आई घर सम्म पुर्‍याउने ब्यबस्था भने मिलाईनेछ ।

५.४ लाभग्राही सुत्केरी भन्नाले गर्भवती भए देखि २२ (बाईस) हप्ता पछि हुने प्रसव व्यथालाई बुझिनेछ ।तर गर्भवती जाँच कार्ड बनाईसकेका महिलाहरुलाई सुत्केरी हुने मिति नपुग्दै पनि अकस्मात गर्भ सँग सम्बन्धित आकस्मिक समस्याहरु आईपरेमा निशुल्क एम्बुलेन्स सेवा दिन बाधा पर्ने छैन ।

५.५ आफूखुशी गर्भपतन गराएकाहरुलाई यो सुबिधा उपलब्ध गराईने छैन । तर बाध्यात्मक अवस्थामा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम भएका गर्भपतन र जटिलता उत्पन्न भएका बिरामीहरुलाई भने यो सुबिधा उपलब्ध गराईनेछ ।

५.६ एम्बुलेन्स संचालक संस्थाले अनुसूची (३) को ढाँचामा निवेदकको निवेदनका साथ आवश्यक कागजातहरु (नागरिकता वा विवाह दर्ताको फोटोकपी/ वडाको सिफारिस, मातृसुरक्षा कार्डको फोटोकपी, एम्बुलेन्सको भाडा उल्लेख भएको सक्कलै नगदी रसिद र बाहिर जानुपर्ने भएकोमा संस्थाबाट रेफर भएको रेफरल पूर्जाको फोटोकपी) संलग्न कागजातका आधारमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउनु पर्नेछ ।

५.७ एम्बुलेन्स सेवाप्रदायक संस्थाले सेवाग्राहीहरुको अभिलेख अनुसूची (४) बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

५.८ निशुल्क एम्बुलेन्स सेवा प्रदान गरेको एम्बुलेन्सको तोकिएको भाडा रकम कागजातको आधारमा एम्बुलेन्स संचालक संस्थालाई चौमासिक वा अर्धवार्षिक वा बार्षिक रुपमा भुक्तानी दिईनेछ ।

५.९ मरिण गाउँपालिका भित्र संचालित सबै (सरकारी संघ संस्थाहरु वा निजी) एम्बुलेन्सहरुले गाउँपालिका सँग आवश्यक सम्झौता गरी यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

५,.१०  यो कार्यविधि स्वीकृत हुनु अघि गाउँपालिका प्रमुखबाट पदभार ग्रहण गर्ने क्रममा भएको  निशुल्क एम्बुलेन्स सेवा घोषणा भएको दिन देखिकै एम्बुलेन्स सेवाप्रदायकले प्रदान गरेको तोकिए बमोजिमको एम्बुलेन्स सेवा रकम भुक्तानी यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

५.११ लाभग्राही मरिण गाउँपालिकाको स्थायी बासिन्दा भएतापनि सुत्केरी हुँदाका बखत अन्य स्थानमा बसोबास गरेको अवस्थामा भने यो कार्यविधि लागू हुनेछैन ।

**६ लैङ्गिक समानताको लागि छोरी जन्माउने सुत्केरीहरुलाई पोषण भत्ता बितरण गर्ने सम्बन्धी ब्यबस्था:**

६.१ मरिण गाउँपालिकाले आफ्नो गाउँपालिका अन्तर्गतका बर्थिङ सेन्टरमा छोरी जन्माउने सुत्केरीहरुलाई आमा तथा शिशुको पोषण खर्च वापत नगद रकम उपलब्ध गराउनेछ ।

६.१.१ यस गाउँपालिका भित्रका बर्थिङ सेन्टरहरुमा सुत्केरी भएका छोरी जन्माउने आमाहरुलाई पोषण खर्च वापत एकैपटक रु. ५००० (पाँच हजार मात्र) नगद उपलब्ध गराईनेछ ।

६.१.२ सुत्केरी हुन यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था आएका तर सुत्केरी हुन नसकेका वा थप जटिलताको कारण प्रेषण भई अन्यत्र गएर सुत्केरी भई छोरी जन्माई आएका सुत्केरीहरुलाई पनि उक्त रकम प्रेषण गर्ने स्वास्थ्य संस्थाले आवश्यक कागजात सहित सम्बन्धित अस्पतालबाट डिस्चार्ज भएको १५ दिन भित्र सम्पर्क गर्नेलाई पोषण खर्च वापतको रकम उपलब्ध गराउन सक्नेछ ।

६.१.३ जन्मेको शिशुको जन्मदा मृत्यु भएमा वा मरेकै जन्मेकाहरुलाई पनि छोरी शिशु भएमा पोषण रकम उपलब्ध गराईनेछ ।

६.१.४  पोषण खर्च भुक्तानी गर्दा बर्थिङ सेन्टरहरुले अनुसूची (५) बमोजिमको निवेदनका साथ आबश्यक कागजात (महिलाको नागरिकता वा जन्मदर्ता वा विवाह दर्ताको फोटोकपी वा वडाको सिफारिस पत्र, छोरी शिशु जन्मेको प्रमाण पत्रको फोटोकपी, मातृ सेवा कार्डको फोटोकपी) र अनुसूची (२) बमोजिमको रेकर्ड राखि तत्कालै भुक्तानी गर्नुपर्नेछ र मासिक रुपमा अनुसूची (६) बमोजिमको ढाँचामा सूचना पाटिमा विवरण प्रकाशन गर्नुपर्नेछ।

**७ यस कार्यबिधिमा उल्लेखित कार्यक्रमको लागि  बर्थिङ सेन्टरहरुलाई चाहिने रकम सम्बन्धित स्वास्थ्य संस्थाले भुक्तानी गरेपछि सम्बन्धित शीर्षकहरुबाट संस्थालाई शोध भर्ना दिईनेछ वा स्वास्थ्य संस्था (बर्थिङ सेन्टर) हरुलाई आवश्यकता अनुसार आ.व. को सुरुमा पेश्की स्वरुप रकम उपलब्ध गराई आ.व. को अन्तमा फर्स्यौट गर्ने ब्यबस्था मिलाईनेछ ।**

**८ यस अघि कार्यान्वयनामा आएको यसै कार्यक्रम सँग सम्बन्धित मरिण गाउँपालिकाको "गर्भवती सुत्केरी प्रोत्साहन कार्यबिधि २०७६" खारेज गरिएको छ । तर उक्त कार्यविधि लागू हूदाँको बखत कार्यविधिमा तोकिए अनुसार जाँच गराई तोकिएको रकम भुक्तानी हुन बाँकी रहेका गर्भवती सुत्केरीहरुलाई उक्त अवधिको मात्र सोही कार्यविधिमा उल्लेख भए बमोजिमकै रकम यस आ.व. को यसै शीर्षक बाट भुक्तानी गरिनेछ ।**[२]

[२] प्रथम संशोधनबाट थप गरिएको ।

९ कार्यविधि कार्यान्वयनको क्रममा थप व्यबस्था गर्न परेमा वा जटिलता आएमा यस कार्यविधि सँग नबाझिने गरी गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

१० गाउँ कार्यपालिकाले आवश्यकतानुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

अनुसूचि (१)

## संस्थागत गर्भवती, सुत्केरी प्रोत्साहनको लागि गर्भवती जाँच यातायात खर्चको लागि दिईने निवेदनको ढाँचा

श्री मरिण गाउँपालिका

मार्फत (स्वास्थ्य संस्था) ...............................................

मैले यस मरिण गाउँपालिकाको मातृ शिशु सुरक्षा एवं संरक्षण कार्यक्रम अन्तर्गत तोकिएको समयमा जाँच गरेकोले स्थानीय सरकारबाट उपलब्ध गराईने यातायात खर्च पाउँ भनि आवश्यक कागजात (मातृ सुरक्षा कार्डको फोटोकपी, नागरिकता वा विवाह दर्ता वा वडाको सिफारिसको फोटोकपी)यो निवेदन पेश गरेको छु ।

मुल दर्ता नं -                                        सेवा दर्ता नं -

निवेदकको नाम-

निवेदकको हस्ताक्षर

मोवाईल नं (अनिवार्य)-

उमेर-

ठेगाना –

श्रीमानको नाम-

**LMP-**                                        **EDD-**

| गर्भवती जाँच गरेको महिना | गते | महिना | साल | जम्मा पटक | दर | रकम रकम रु. | रकम बुझाउनेको सहि | रकम बुझिलिने गर्भवतीको सहि |
|---|---|---|---|---|---|---|---|---|
| ................महिनामा | | | | | | | | |
| .................महिनामा | | | | | | | | |
| ...............महिनामा | | | | | | | | |
| .....................महिनामा | | | | | | | | |
| ...............महिनामा | | | | | | | | |
| ...............महिनामा | | | | | | | | |
| ...............महिनामा | | | | | | | | |
| ...............महिनामा | | | | | | | | |

..........................................          ...........................................          ..................................................

नर्सिङ ईन्चार्जको सहि          स्वास्थ्य संस्थाको छाप          स्वास्थ्य संस्था प्रमुखको सहि

अनुसूचि (२)

मरिण गाउँपालिका, कपिलाकोट. सिन्धुली

गर्भवती जाँच तथा पोषण खर्च पाउने महिलाहरुको रेकर्ड रजिष्टर

| मुल दर्ता नं/ सेवा दर्ता नं | नाम थर | ठेगाना | उमेर | मोवाईल नं | प्रोटोकल अनुसार गर्भवती जाँचेको पटक (१) | प्रति पटकको दर (२) | जम्मा यातायात खर्च (१)*(२)=(३) | छोरी शिशु जन्माए वापत पाएको रकम (४) | जम्मा बुझिलिएको रकम (३)+(४)=(५) | बुझिलिनेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | २५० | | | | |
| | | | | | | | | | | |

अनुसूचि (३)

## मरिण गाउँपालिका अन्तर्गत गर्भवती/ सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवाको लागि निवेदनको ढाँचा

श्री मरिण गाउँपालिका

मार्फत (एम्बुलेन्स संचालक संस्था) ................................................

मैले यस मरिण गाउँपालिकाद्वारा सञ्चालित मातृ शिशु सुरक्षा एवम् संरक्षण कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरीलाई निशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराईदिनु हुन आबश्यक कागजात (मातृ सुरक्षा कार्डको फोटोकपी, नागरिकता वा विवाह दर्ता वा वडाको सिफारिसको फोटोकपी र प्रेषण भएको भए सोको फोटोकपी) सहित यो निवेदन पेश गरेको छु ।

गर्भवती/सुत्केरीको नाम-
मोवाईल नं (अनिवार्य)-
उमेर-
ठेगाना –
घरमुली वा श्रीमानको नाम-
निवेदकको हस्ताक्षर
एम्बुलेन्स गाडी नम्बर ÷

**दिईएको एम्बुलेन्स सेवाको विवरण**

| नगदी रसिद नं. | देखि | सम्म | तोकिएको भाडा रकम (रु) | सेवाग्राहीको हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | जम्मा रुपैया | | |

.......................................... .............................................. ................................................

चालकको सहि | सेवाप्रदायक संस्थाको छाप | सेवा प्रदायक संस्था प्रमुखको सहि

अनुसूची (४)

## मरिण गाउँपालिकाद्धारा संचालित गर्भवती सुत्केरीहरुलाई निशुल्क एम्बुलेन्स सेवा रजिष्टर

एम्बुलेन्स सेवा प्रदायक संस्थाको नाम ÷

एम्बुलेन्स गाडी नम्बर ÷

एम्बुलेन्स चालकको नाम ÷

महिना ÷

| क्रम संख्या | मिति साल/महिना/गते | गर्भवती/सुत्केरीको नाम | देखि | सम्म | तोकिएको भाडा रकम (रु.) | कै |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.............................................. चालकको सहि

.............................................. सेवाप्रदायक संस्थाको छाप

.............................................. सेवा प्रदायक संस्था प्रमुखको सहि

अनुसूचि (५)

## मरिण गाउँपालिका अन्तर्गत लैङ्गिक समानताको लागि छोरी जन्माउने सुत्केरी आमालाई पोषण खर्चको लागि निवेदनको ढाँचा

श्री मरिण गाउँपालिका

मार्फत (स्वास्थ्य संस्था) ..............................................

यस मरिण गाउँपालिकाको बर्थिङ सेन्टरमा/रेफर भएको संस्थामा मातृ शिशु सुरक्षा एवम् संरक्षण कार्यक्रम अन्तर्गत तोकिएको छोरीको मेरो कोखबाट जन्म भएकोले स्थानीय सरकारबाट उपलब्ध गराईने पोषण खर्च पाउँ भनि यो निवेदन पेश गरेको छु ।

मुल दर्ता नं -                                        सेवा दर्ता नं -

निवेदकको नाम-

मोवाईल नं (अनिवार्य)-

उमेर-

ठेगाना –

श्रीमानको नाम-

निवेदकको हस्ताक्षर

**रकम बुझिलिएको विवरण**

| क्रम संख्या | बर्थिङ सेन्टरको नाम | रकम (रु.) | बुझाउनेको हस्ताक्षर | बुझिलिनेको हस्ताक्षर | कै |
|---|---|---|---|---|---|
| | | ५०००/- (पाँचहजार रुपैया मात्र) | | | |

.........................................          ..........................................          ..................................................

नर्सिङ ईन्चार्जको सहि          स्वास्थ्य संस्थाको छाप          स्वास्थ्य संस्था प्रमुखको सहि

अनुसूचि (६)

**मरिण गाउँपालिका अन्तर्गत मातृशिशु सुरक्षा एवम् संरक्षण कार्यबिधि २०७९ बमोजिम लाभग्राहीहरुको बिबरण**

आर्थिक बर्ष - महिना -

स्वास्थ्य संस्थाको नाम -

**यातायात तथा पोषण खर्च पाउनेहरुको नामावली**

| सि.नं. | नाम थर | ठेगाना | मोवाईल नम्बर | यातायात खर्च रकम (रु.) | पोषण खर्च रकम (रु.) | जम्मा रकम (रु.) | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेको सही

प्रमाणित गर्नेको सही

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत